आ.व. २०७८/७९ बैठक नं. ४/६१

आज मिति २०७८ साल मंसिर १ गते विहान ८ वजे भेरी नगरपालिकाका नगर प्रमुख श्री चन्द्र प्रकाश घर्ती ज्युको अध्यक्षतामा तपशिलमा उल्लेखित नगर कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा बैठक वसी निम्नानुसार निर्णय गरियो ।

**उपस्थिति**

| क्र स | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | चन्द्र प्रकाश घर्ती | नगर प्रमुख | [signature] |
| २ | भावना भण्डारी | उप प्रमुख | [signature] |
| ३ | दिपक राना | वडा अध्यक्ष | [signature] |
| ४ | काली बहादुर वली | वडा अध्यक्ष | [signature] |
| ५ | लिला बहादुर शाह | वडा अध्यक्ष | [signature] |
| ६ | विष्णु भडेल | का.बा. वडा अध्यक्ष | [signature] |
| ७ | श्यामलाल जैसी | वडा अध्यक्ष | [signature] |
| ८ | शशिराम बुढा | वडा अध्यक्ष | |
| ९ | चन्द्र बहादुर शाही | वडा अध्यक्ष | [signature] |
| १० | कर्ण बहादुर कार्की | वडा अध्यक्ष | [signature] |
| ११ | ध्रुव प्रसाद पौडेल | वडा अध्यक्ष | |
| १२ | ठकेन्द्र बहादुर राना | वडा अध्यक्ष | [signature] |
| १३ | लक्ष्मी प्रसाद जैसी | वडा अध्यक्ष | [signature] |
| १४ | निम बहादुर भनारी | वडा अध्यक्ष | [signature] |
| १५ | गोपाल बटाला | वडा अध्यक्ष | [signature] |
| १६ | पार्वती वि.क | कार्यपालिका सदस्य | [signature] |
| १७ | मनकला नेपाली | कार्यपालिका सदस्य | [signature] |
| १८ | रति वि.क | कार्यपालिका सदस्य | [signature] |
| १९ | सृजना वि.क | कार्यपालिका सदस्य | [signature] |
| २० | विर बहादुर बादी | कार्यपालिका सदस्य | [signature] |
| २१ | मिंना पुन | कार्यपालिका सदस्य | |
| २२ | भद्रकला डाँगी | कार्यपालिका सदस्य | |
| २३ | विन्दु शाही | कार्यपालिका सदस्य | |
| २४ | दल बहादुर घर्ती | नि प्रमुख प्रशासकीय अधिकृत | [signature] |
| | चण्डिका चौलागाई | आमन्त्रित | [signature] |
| २५ | प्रकाश कुमार शाह | कानुन अधिकृत | |
| २६ | अनिश शाह | अधिकृत | [signature] |
| २७ | सुर्य प्रसाद लम्साल | सुचना तथा प्रविधि अधिकृत | [signature] |
| २८ | सनत दवाडी | सहायकस्तर पाचौ | [signature] |
| २९ | राजेन्द्र बहादुर कठायत | लेखापाल | [signature] |
| ३० | श्रवण कुमार शर्मा | आ.ले.प. | [signature] |

Scanned with CamScanner

निर्णयहरूः

१. यस नगरपालिकाभित्र निर्माण गर्न अति आवश्यक भएका तथा नगर गौरवका तपसिलमा उल्लेखित योजनाहरूको सम्बन्धित परामर्शदाताहरूले प्रस्तुत गरेको विस्तृत अध्ययन प्रतिवेदन (डिपिआर) तथा प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन स्वीकृत गर्ने र उक्त कामको सम्झौता बमोजिम भुक्तानी निम्न अनुसारको बजेट शिर्षकबाट लेख्ने ।

तपसिलः

| क्र.सं. | योजनाको नाम | भुक्तानी शिर्षक | कैफियत |
|---|---|---|---|
| १. | ढुंगा, गिट्टी बालुवाको प्रारम्भिक वातावरणीय परिक्षण | परामर्श तथा अन्य सेवा शुल्क (चालुतर्फ) | नगर क्षेत्र |
| २. | जाजरकोट आँखा अस्पतालको भवन निर्माणको (डिपिआर) | सम्बन्धित योजनाको बजेट शिर्षक | वडा नं. ४ |
| ३. | ढलनिकास योजनाको (डिपिआर) | सम्बन्धित योजनाको बजेट शिर्षक | वडा नं. ४,३,१ |
| ४. | सामुदायिक नगर अस्पताल भवन निर्माणको (डिपिआर) | सम्बन्धित योजनाको बजेट शिर्षक | वडा नं. ७ |
| ५. | जगतिपुर देखि डाप्का सडक निर्माणको (डिपिआर) | परामर्श तथा अन्य सेवा शुल्क (चालुतर्फ) | वडा नं. ११ र ५ |
| ६. | नेटी बजार देखि मालिका सडक (डिपिआर) | परामर्श तथा अन्य सेवा शुल्क (चालुतर्फ) | वडा नं. ६ |
| ७. | भुरचौर स्याउली सडकको (डिपिआर) | परामर्श तथा अन्य सेवा शुल्क (चालुतर्फ) | वडा नं. १०, ८ र ९ |

२. यस नगरपालिका क्षेत्रमा कर्णाली प्रदेश सरकारबाट चालु आ.व. २०७८।७९ मा निर्माणका लागि सशर्त अनुदानतर्फ थप स्वीकृत भएका योजनाहरूको जानकारी भयो । निर्धारित कार्यविधि अनुसार उक्त योजनाहरू यथाशिघ्र कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन दिने ।

३. चालु आ.व. २०७८।७९ मा निर्माणका लागि स्वीकृत भएका योजना कार्यान्वयनका लागि उपभोक्ता समिति गठन गरी सम्झौताको लागि सिफारिस गरी पठाउन सम्बन्धित वडाहरूलाई यस अघि पत्राचार गरिएकोमा उक्त कार्य अधिकांश वडा कार्यालयबाट हालसम्म नभएकोले यथाशिघ्र उपभोक्ता समिति गठन तथा सम्झौताको लागि सिफारिस गर्न वडा कार्यालयहरूलाई पुनः ताकेता गर्ने ।

Scanned with CamScanner

४. यस नगरपालिका वडा नं. ९ को स्वास्थ्य चौकी पोखरामा खानेपानी तथा शौचालय निर्माणका लागि जम्मा रू १६,५२,५५४।- मध्ये, रू १४,०५८८६।- स्वच्छता परियोजना जाजरकोटले व्यहोर्ने र अपुग हुने रू २,४७,०००।- समपुरक कोष वापत चालु, आ.व. २०७८।७९ को समपुरक कोषमा बिनियोजन भएको रकमबाट उपलब्ध गराउने ।

५. यस नगरपालिकाको वडा नं. १० भुरचौरमा मिति २०७१ मंशिर ४ मा भएको बस दुर्घटनामा परि ज्यान गुमाउने मृतकहरूको सम्झनामा श्रद्दान्जली कार्यक्रम आयोजना गर्न वसभाडा वापत पिडित आफन्तजनहरूलाई रू. १५,०००।- विविध खर्च शिर्षकबाट उपलब्ध गराउने ।

६. नगरपालिका क्षेत्रमा बसोवास गर्ने परिचय पत्र प्राप्त नगरेका र अध्यावधिक गर्न आवश्यक अपाङ्गता भएका नागरिकहरूको सुविधाका लागि मंशिर महिनाभित्र घुम्ति शिविर संचालन गरी घर दैलोमा सेवा उपलब्ध गराउन कार्यालयलाई निर्देशन गर्ने ।

७. चालु आ.व. २०७८।७९ मा नगरपालिका र बहुक्षेत्रिय पोषण कार्यक्रमको साझेदारीमा संचालन गर्न नगरस्तरीय बहुक्षेत्रिय पोषण निर्देशक समितिले सिफारिस गरेको बजेट तथा कार्यक्रम स्वीकृत गर्ने ।

८. गत आ.व. २०७७।७८ तथा चालु आ.व. २०७८।७९ को श्रावण देखि असोज मसान्तसम्म कोभिड १९ को महामारी रोकथाम तथा नियन्त्रण गर्न खर्च भएको र घर भाडा तथा औषधि तथा खोप ढुवानी वापतको भुक्तानी दिन बाँकी तपसिलमा उल्लेखित रकम विपद् व्यवस्थापन कोषबाट भुक्तानी दिने ।

तपसिलः

| क्र.सं. | विवरण | रकम रू | कैफियत |
|---|---|---|---|
| १. | कोभिड नियन्त्रणमा खटिएको जनशक्ति, क्वारेन्टाईन तथा आइसोलेसनमा रहेका व्यक्तिहरूको खाजा तथा खाना खर्च | ३९१८६५।- | |
| २. | आ.व. २०७७।७८ को आधारभुत स्वास्थ्य केन्द्रको घरभाडा भुक्तानी बाँकी | ५००००।- | |
| ३. | आ.व. २०७७।७८ को औषधि तथा खोप ढुवानी | १०३०००।- | |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| ४. | चालु आ.व. को औषधि तथा सामान (मास्क, स्यानीटाईजर आदि) खरिद भुक्तानी | ३५००००।- | |
| | कुल जम्मा | ८८४८६५।- | |

९. भेरी नगरपालिका वडा नं. ४ निवासि राजेन्द्रशील घर्तीको छोरी सुमित्रा घर्ती मगरले जाजरकोट प्राविधिक शिक्षालय काफलचौमा ३ बर्षे सिभिल सव ईन्जिनियर कोटामा अध्ययनका लागि नाम निकालेको र शिक्षालयलाई अध्ययन गरेवापत तिर्नु पर्ने रू ८०,०००।- आर्थिक विपन्नताका कारण तिर्न सक्ने अवस्था नभई अध्ययनमा समस्या भएकोले उक्त रकम छात्रवृत्ति उपलब्ध गराई पाउँ भनी पेश गरेको निवेदन सम्बन्धमा निजलाई उल्लेखित रकम चालु आ.व.को कार्यक्रम खर्च शिर्षक (चालु) बाट छात्रवृत्ति उपलब्ध गराउने ।

Scanned with CamScanner